१८

# बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

Scanned with CamScanner

## बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

स्वीकृत मिति:२०७५।१।२१९

**प्रस्तावना** :देशमा रहेको बालविवाह जस्ता कुप्रथाहरुको अन्त्यगर्ने कार्यक्रमहरु संचालनगर्ने खर्च सम्बन्धी कार्यविधि, २०७५ कटहरी गाउँपालिकाले जारी गरेको छ।

### परिच्छेद १

१. **संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम"बालविवाह विरुद्ध कार्यकम संचालन खर्च कार्यविधि २०७५"रहेको छ।

(ख) यो कार्यविधि कटहरी गाउँपालिकालवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कटहरी गाउँपालिकालको वालअधिकार समिति"भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिमगठनहुने समिति सम्झनुपर्दछ।

(ख) "मन्त्रालय " भन्नाले महिला, वालवालिका तथा ज्येष्ठनागरिक मन्त्रालय सम्झन पर्दछ।

(ग) "राष्ट्रियवालअधिकार परिषद"भन्नाले वालबालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ बमोजिम गठन हुने परिषद सम्झनुपर्दछ।

(घ)"बाल कल्याण अधिकारी"भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ।

(ङ) "बालबिबाह"भन्नाले २० बर्षउमेर नपुगीभएको विवाह सम्झनु पर्दछ।

(च) "बिभाग " भन्नाले महिला तथा बालबालिका बिभाग सम्झनुपर्दछ।

(छ) "स्थानीयतह"भन्नाले गाउँपालिका सम्झनुपर्दछ।

### परिच्छेद २

३. **कार्यविधिको उद्देश्य:**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयनगर्ने।

२ बालबिबाह विरुद्धमा बालक, किशोर,किशोरी , महिला तथा पुरुषहरुको सहभागिता सुनिश्चत गर्ने

३. बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिवर्तनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गरी परिचालनगर्ने।

४. बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याकनगर्ने।

रामकुमार कामत
अध्यक्ष

४. **कार्यक्रम संचालन :**

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथाप्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिवृद्धिगर्ने कार्यक्रमहरु संचालनगर्ने ।

२.बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालबालिकाहरुको क्षमता अभिवृद्धिगर्न आवश्यकता लिमको व्यवस्थागर्ने ।

३. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।

३. बालविवाहविरुद्ध सामुदायिक स्तरमा बालक्लब, युवाक्लब वा अन्य समुह निर्माणगर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी बालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. बालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्यगर्ने कार्यमाबालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालनगर्ने ।

परिच्छेद ३

५. **खर्च र लेखापरीक्षण:**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्तभएको रकम खर्चको प्रचलित कानुनबमोजिम आयव्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

६. **प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक रवार्षिक रुपमातयार गरी गाउँपालिकाले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र महिला, बालबालिकातथा ज्येष्ठनागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

परिच्छेद : ४

७. **विविध:**

बालविवाह तथा बालबालिका माथि हुने हिंसा सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गर्दा बालविवाह अन्त्यका लागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

प्रमाणित गर्ने :
दस्तखत : रामकुमार कामत
नाम : रामकुमार कामत
पद : अध्यक्ष रामकुमार कामत अध्यक्ष
पाना नं : २



Scanned with CamScanner